



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३३ अंक ०६ | पुस २०८२ | Year 33 Vol 06 | Dec. 2025 / Jan. 2026


# राष्ट्रिय वाणिज्य बैंकको २०औं साधारणसभा सम्पन्न

**काठमाडौं, पुस २९**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको २० औं वार्षिक साधारणसभा २०८२ पुस २९ गते, मंगलबार काठमाडौंमा सम्पन्न भएको छ। साधारणसभाले आर्थिक वर्ष २०८१ /८२ को वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८२ /८३ को लागि लेखापरीक्षक नियुक्ति लगायतका विभिन्न प्रस्तावहरू पारित गरेको छ।

बैंक सञ्चालक समितिका अध्यक्ष देव कुमार ढकालको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारणसभामा अध्यक्ष ढकालले बैंकले संस्थागत सुशासनलाई पहिलो




प्राथमिकतामा राख्दै आफ्नो व्यवसाय विस्तार गरिरहेको बताउनु भयो। बैंकले सेवा सुविधाहरूमा समय सापेक्ष परिमार्जन गर्दै प्रविधिमा आधारित विभिन्न सेवाहरूको माध्यमबाट ग्राहकहरू समक्ष आफ्ना गुणस्तरीय सेवाहरू प्रवाह गर्नुपर्ने आवश्यकतालाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको पनि बताउनुभयो। वहाँले बैंकिङ्ग क्षेत्रमा विद्यमान प्रतिष्पर्धाको सामना गर्न बैंकले आफ्नो प्रतिष्पर्धी क्षमता अभिवृद्धि गर्दै समय सान्दर्भिक कार्य पद्धतिको विकास गर्ने उद्देश्यले बैंकका आन्तरिक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरूमा समय सापेक्ष परिमार्जन गर्दै आएको उल्लेख गर्नुभयो।

साधारण सभामा बैंकका शेयरधनीहरू क्रमशः नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रक

बाँकी पृष्ठ ४ मा

# राष्ट्रिय वाणिज्य बैंकले आफ्नो ६१औं वार्षिकोत्सव विविध कार्यक्रमसाथ मनाउने

**काठमाडौं, पुस ७**

राष्ट्रिय वाणिज्य बैंकले आफ्नो ६१ औं वार्षिकोत्सव विविध कार्यक्रमका साथ मनाउने भएको छ। बैंक आगामी माघ १० गते आफ्नो स्थापनाको ६० वर्ष पूरा गरी ६१ औं वर्षमा प्रवेश गर्दैछ। आइतबार बसेको बैंकको व्यवस्थापन समितिको बैठकले वार्षिकोत्सव कार्यक्रमहरूका सम्बन्धमा निर्णय गरेको हो। उक्त निर्णय अनुसार रक्तदान, स्वास्थ्य शिविर, विविध खेलकुदका कार्यक्रम तथा ७७ वटै जिल्लामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरी बैंकको वार्षिकोत्सव मनाईने छ।




साथै बैंकले आफ्नो वार्षिक मुखपत्र 'उपहार' प्रकाशन गर्ने र माघ १० गते केन्द्रिय कार्यालय परिसरमा आयोजना हुने मूल समारोहमा विमोचन गर्ने कार्यक्रम रहेको छ।

बैंकका प्रादेशिक तथा शाखा कार्यालयहरूमा पनि बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा विविध कार्यक्रमहरू आयोजना गरिनेछन्। ■




# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

सम्पूर्ण कर्मचारी मित्रहरू, ग्राहकवर्ग एवं सरोकारवालाहरुमा हार्दिक नमस्कार! नेपाल सरकारको पूर्ण स्वामित्वमा वि.सं. २०२२ माघ १० गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड विभिन्न आरोहअवरोह पार गर्दै आउँदो माघ १० गते स्थापनाको ६० औं वर्ष पूरा गरी ६१औं वर्षमा प्रवेश गर्न लागेको शुभ अवसरमा निक्षेपकर्ता, सेयरधनी, सेवाग्राही, कर्मचारीलगायत सरोकारवाला सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै बैंकको उन्नयनका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंकलगायत अन्य निकायहरूबाट निरन्तर प्राप्त शुभेच्छा र सहयोगका लागि हार्दिक आभार प्रकट गर्न चाहन्छु।

विगत ६ दशकदेखि निरन्तर समाजको आर्थिक मेरुदण्डको सारथि बनेर मुलुकभर छरिएर रहेको वित्तीय स्रोत संकलन तथा परिचालन गर्दै यस बैंकले उद्यमशीलताको विकास, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, आन्तरिक उत्पादन वृद्धि, नेपाल सरकारको राजस्व संकलन तथा परिचालन, नीति तथा कार्यक्रम कार्यान्वयन आदि कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। सोही भूमिकालाई बदलिँदो राजनीतिक, आर्थिक, सामाजिक परिवेश अनुरुप निरन्तरता दिँदै मुलुकमा उत्पादन, रोजगारी र आय वृद्धि गरी आर्थिक रूपमा सबल र सक्षम अर्थतन्त्र निर्माणका लागि जनताको अपेक्षा र आकाङ्क्षा बमोजिम संस्थागत सुशासनलाई प्राथमिकतामा राखेर डिजिटल संसारका नविनतम प्रविधिहरूको समेत उपयोग गर्दै पारदर्शीता एवं जवाफदेहितासहितको सेवा प्रवाह गर्न बैंक निरन्तर कटिबद्ध छ। समावेशिता र वित्तीय पहुँचलाई जोड दिँदै देशका ७७ वटै जिल्लामा शाखा विस्तार गरी पुर्‍याइरहेको सेवालाई वर्तमान र भावी पुस्ताको चाहनाअनुसार अझ गुणस्तरीय, सरल र चुस्त रूपमा प्रदान गर्न बैंक प्रतिबद्ध छ।

बैंकको ६१औं वार्षिकोत्सवको सुखद अवसरमा देशको आर्थिक विकासमा बैंकको योगदानलाई अझै अभिवृद्धि गर्दै निक्षेपकर्ताहरुको निक्षेपको संरक्षणका साथै अन्य सम्पूर्ण सरोकारवाला पक्षको सर्वोपरि हित प्रवर्धन गर्ने, लगानीकर्ताहरूलाई यथोचित प्रतिफल दिने, सेवा प्रवाहमा थप गुणस्तरीयता अभिवृद्धि गर्ने र बैंकका कामकारबाहीलाई समयानूकुल परिष्कृत गर्दै बैंकलाई थप ग्राहकमैत्री, पारदर्शी, प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने प्रतिबद्धता व्यक्त गर्दछु।

फेरि पनि बैंकको वार्षिकोत्सवको यस सुखद अवसरमा बैंकलाई आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउनु हुने ग्राहक वर्ग, सेयरधनीहरू, नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, अन्य सरकारी निकायहरू, बैंक सञ्चालक समिति, बैंक व्यवस्थापन एवम् कर्मचारी वर्ग लगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक कृतज्ञता सहित शुभकामना व्यक्त गर्न चाहन्छु। ■

# नेपाल क्लियरिङ हाउसको १७औं वार्षिकोत्सवमा राष्ट्रिय वाणिज्य बैंक सम्मानित

**काठमाडौं, पुस ९**

नेपाल क्लियरिङ हाउस लिमिटेडको १७ औं वार्षिकोत्सवको अवसरमा राष्ट्रिय वाणिज्य बैंक



लिमिटेड दुई विधामा सम्मानित भएको छ। डिजिटल भुक्तानी र प्रविधिमैत्री बैंकिङ सेवामा उल्लेखनीय योगदान पुर्‍याएको भन्दै बैंकलाई एकसाथ दुइवटा अवार्ड प्रदान गरिएको हो।



नेपाल क्लियरिङ हाउसले मंगलबार काठमाडौंमा आयोजना गरेको समारोहमा राष्ट्रिय वाणिज्य बैंकलाई सबैभन्दा बढी QR मर्चेन्ट कारोबार गर्ने बैंक तथा सबैभन्दा बढी डिजिटल सरकारी कारोबार गर्ने बैंकका रूपमा पुरस्कृत गरिएको हो। उक्त सम्मान बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले ग्रहण गर्नुभएको थियो।

यस उपलब्धिप्रति राष्ट्रिय वाणिज्य बैंकले सम्पूर्ण व्यावसायिक मर्चेन्टहरू, ग्राहक महानुभावहरू तथा समग्र कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दछ। बैंकले भविष्यमा पनि डिजिटल बैंकिङ प्रवर्द्धन, सुरक्षित तथा प्रभावकारी भुक्तानी प्रणालीको विस्तार र ग्राहक-केन्द्रित सेवामा थप प्रतिबद्ध भएर अघि बढ्नेछ।

डिजिटल कारोबारलाई सहज, सरल र सुरक्षित बनाउने उद्देश्यसहित राष्ट्रिय वाणिज्य बैंकले गरेको निरन्तर प्रयासको प्रतिफलस्वरूप यो सम्मान प्राप्त भएको बैंकको विश्वास रहेको छ। ■

# राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको महाधिवेशन सम्पन्न




**काठमाडौं, पुस १३**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको १२औं केन्द्रीय महाधिवेशन कार्यक्रम नेपालगंजमा ८०० सय भन्दा बढी कर्मचारीकाबीच भव्यताका साथ पुस ११ र १२ गते सम्पन्न भएको छ। उक्त महाधिवेशन मार्फत सर्वसम्मत नेतृत्व चयन गरिएको छ। अध्यक्षमा रबिन्द्र प्रसाद चौलागाईं, वरिष्ठ उपाध्यक्षमा कविराज बराल, महासचिवमा ऋषिराम ज्ञवाली सहित ४१ सदस्यीय केन्द्रीय समिति निर्वाचित भएको छ।

महाधिवेशनको औपचारिक उद्घाटनपूर्व कर्मचारीहरूले नेपालगंज नगरमा वित्तीय चेतना जगाउने सन्देशयुक्त प्लेकार्ड, ब्यानर सहित प्रभातफेरी गरेका थिए। ■

# नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको महाधिवेशन सम्पन्न




**काठमाडौं, पुस २०**

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको दशौं केन्द्रीय परिषद् तथा एघारौं केन्द्रीय महाधिवेशन पुस १९ र २० गते चितवनको सौराहामा सम्पन्न भएको छ। संघको एघारौं केन्द्रीय महाधिवेशनबाट अध्यक्षमा सुदिन केसी चयन हुनुभएको छ। त्यसैगरी महाधिवेशनले वरिष्ठ उपाध्यक्षमा गंगाधर भट्टराई, महासचिवमा सन्जिव कुमार भडेल, कोषाध्यक्षमा प्रतिज्ञा भट्ट सहित केन्द्रीय सदस्यहरू समेत चयन गरेको छ। महाधिवेशनको औपचारिक उद्घाटनपूर्व कर्मचारीहरूले सौराहामा वित्तीय चेतना जगाउने सन्देशयुक्त प्लेकार्ड, ब्यानर सहित प्रभातफेरी गरेका थिए। ■




# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबीच सम्झौता



**काठमाडौं, पुस ३०**

मिति २०८२ पौष ३० गते बुधबार राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था बीच तलबी बचत खाता तथा पेशाकर्मी सरल कर्जा सञ्चालन सम्बन्धी सम्झौता-पत्रमा हस्ताक्षर सम्पन्न भएको छ। राष्ट्रिय वाणिज्य बैंकको केन्द्रिय कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच उक्त सम्झौता-पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनाल र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका तर्फबाट कार्यकारी निर्देशक श्री विमल डंगोलले हस्ताक्षर गर्नु भएको छ।

सम्झौता-पत्रमा उल्लेख भए अनुसार राष्ट्रिय वाणिज्य बैंकले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका कर्मचारीहरूका लागी तलबी बचत खाता सञ्चालन गर्नुका साथै पेशाकर्मी सरल कर्जा तथा अन्य बैंकिङ सेवासुविधा उपलब्ध गराउनेछ। उक्त कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाका निर्देशकद्वय: विनोद प्रसाद न्यौपाने र सिए किरण कुमार खत्री, राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनी, उप-कार्यकारी अधिकृतत्रयः विनयरमण पौडेल, दुर्गा कुमारी कंडेल र रामकुमार थापा, ब्रान्च अपरेसन विभागका विभागीय प्रमुख आनन्द सुवेदी, उपभोक्ता बैंकिङ विभागका विभागीय प्रमुख भोलानाथ पौडेल लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो। ■

# नेपाल राष्ट्रिय कर्मचारी संगठनको २० औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न




**काठमाडौं, पुस २१**

राष्ट्रिय वाणिज्य बैंक, नेपाल राष्ट्रिय कर्मचारी संगठनले आफ्नो २० औं वार्षिकोत्सव कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ। संगठनले पुस २१ गते सोमबार भक्तपुरमा आयोजित एक कार्यक्रममार्फत आफ्नो २० औं वार्षिकोत्सव मनाएको हो। नेपाल राष्ट्रिय कर्मचारी संगठनका कार्यवाहक अध्यक्ष चुडामणि गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पेशागत हकहित तथा संस्थाको संवर्द्धनका विषयमा समेत छलफल गरिएको थियो। कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठनमा आबद्ध विभिन्न समितिका पदाधिकारी, विभिन्न शाखा कार्यालयमा कार्यरत शाखा प्रमुख तथा अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो। नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मणिरत्न श्रेष्ठ प्रमुख अतिथि रहनुभएको उक्त कार्यक्रममा राष्ट्रिय समितिका उपाध्यक्ष जितेन्द्र राई, राष्ट्रिय वाणिज्य बैंकका विभागीय उप-प्रमुख तथा संगठनका पूर्व महासचिव उभार पाण्डे लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन संगठनका सचिव सुशील कुमार शाहले गर्नुभएको थियो। ■

# राष्ट्रिय वाणिज्य बैंकको भवनबाट पोखरा महानगरको सेवा



**काठमाडौं, पुस १७**

पोखरा नयाँबजारमा अवस्थित राष्ट्रिय वाणिज्य बैंकको भवनबाट पोखरा महानगरपालिकाले आफ्नो मुख्य प्रशासनिक सेवा सुरु गरेको छ। जेन्जी आन्दोलनका क्रममा भदौ २४ गते न्युरोडमा रहेको भवनमा आगजनीका कारण क्षतिग्रस्त भएपछि महानगरले अस्थायीरुपमा पोखरा सभागृह र दमकलको कार्यालयबाट बाट सेवा दिँदै आएकोमा २०८२ पुस १४ गतेदेखि नयाँबजारमा रहेको बैंकको पहिलो र दोस्रो तलाबाट सेवा सञ्चालनमा ल्याएको हो।

राष्ट्रिय वाणिज्य बैंकको उक्त भवनमा बैंकका गण्डकी प्रादेशिक कार्यालय र शाखा कार्यालय पृथ्वीचोक सञ्चालनमा रहेका छन्। ■

### राष्ट्रिय वाणिज्य बैंकको...

कार्यालय, कम्पनी रजिस्ट्रार कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय,उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि तथा सार्वसाधारण शेयरधनिहरूको उपस्थिति रहेको थियो। अध्यक्ष ढकालले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि शेयरधनीहरूले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाब सहितको धारणा राख्नुभएको थियो। उक्त टिप्पणी एवं जिज्ञासा बारे बैंक सञ्चालक समितिका अध्यक्ष ढकालले जवाफ दिनुभएको थियो।

उक्त साधारण सभामा बैंक सञ्चालक समितिका सदस्यहरू थान प्रसाद पंज्ञानी, स्वतन्त्र सञ्चालक लक्ष्मण घिमिरे, प्रा.डा. रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती, डा. सूर्य बहादुर राना, हरि कुमार सिलवाल, बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृतहरू सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरू पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कंडेल, रामकुमार थापाको उपस्थिति रहेको थियो। साधारण सभामा बाह्य लेखापरीक्षकहरू, बैंकका कानूनी सल्लाहकारहरू, कर्मचारी युनियनका प्रतिनिधिहरू, विभागीय प्रमुखहरू लगायतका अतिथिहरूको उपस्थिति रहेको थियो। उक्त साधारणसभालाई कम्पनी सचीव प्रमोद अधिकारीले सञ्चालन गर्नु भएको थियो। ■

# Loan Automation System तथा CIC Validation सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, पुस २७**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई Loan Automation System सम्बन्धी तालिम प्रदान गरिएको छ। बैंकको सिकाइ तथा विकास विभाग दरबारमार्गको हलमा पुस २५ र २६ गते आयोजना गरिएको उक्त तालिममा बैंकका विभिन्न विभाग तथा शाखा कार्यालयहरूमा कार्यरत ४० जना कर्मचारीहरूको सहभागिता रहेको थियो।



यस अघि बैंकद्वारा इटहरीमा पुस ४ र ५ गते नगरकोटमा कर्जा सूचना तथा Validation सम्बन्धि विविध समस्या समाधान विषयमा तालिम आयोजना गरिएको थियो जसमा कर्जा प्रशासन विभागका २२ जना कर्मचारीहरूको सहभागिता रहेको थियो। ■

## हार्दिक समवेदना

यस बैंकका शाखा कार्यालय पृथ्वीचोकका शाखा प्रबन्धक हरि राम पराजुली (१२४३९) की आमा टिका देवी पराजुली, पूर्वाधार बैंकिङ विभागमा कार्यरत प्रबन्धक (ई.) कविन्द्रमान श्रेष्ठ (११७०४) का पिता सत्यजीवन श्रेष्ठ, शाखा कार्यालय धरानमा कार्यरत वरिष्ठ सहायक राजु लिम्बु (११६३०) का पिता दुर्गालाल लिम्बु, शाखा कार्यालय बौद्धमा कार्यरत वरिष्ठ सहायक राज कुमार श्रेष्ठ (१२३९९) का पिता श्यामकाजी श्रेष्ठ, शाखा कार्यालय वानेश्वरमा कार्यरत सहायक विन्दु कुमारी श्रेष्ठ (११७६९) की सासुआमा कमला देवी ओभा र शाखा कार्यालय तेह्रथुममा कार्यरत नगद सहायक जानु श्रेष्ठ (१४३०७) का ससुरा एकम बहादुर रावलको केही समय पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**


*प्रकाशक*

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**

प्रमुख कार्यकारी अधिकृतको कार्यालय

सिंहदरबारप्लाजा, काठमाडौं, फो नः ०१-५७२१२२०, Ext. २४२३

इमेल : rbbnl@rbb.com.np

वेबसाइट: www.rbb.com.np

*प्रमुख सल्लाहकार*

**देवेन्द्र रमण खनाल**

*प्रमुख कार्यकारी अधिकृत*

*सह-सम्पादक*

**रुद्रप्रसाद अधिकारी**

*सल्लाहकार*

**पवन रेग्मी**

*उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी*

*डिजाइन*

**यदु उपाध्याय**